अनुसूची-२

(दफा ४ तथा अनुसूची- १ को भाग -२ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०३ संख्या -०६ मिति :२०७६/१२/२२

## भाग -०२

# साँफेबगर नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड -२०७६

आज्ञाले ,

लक्ष्मी प्रसाद शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड -२०७६

**प्रस्तावना :**

विश्व महामारीको रुपमा देखा परेको कोभिड-१९ अर्थात कोरोना भाईरसको सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनको लागि साँफेबगर नगरपालिकाबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७६/१२/१६ गतेको निर्णय तथा स्वीकृत कार्यजोजना कार्यान्यवन गर्न गराउन नगर कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरि लागु गरेको छ ।

**१ . संक्षिप्त नाम र प्रारम्भ:**

क . यस मापदण्डको नाम "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड-२०७६" रहेको छ ।

ख . यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधि सम्मको लागि लागु हुनेछ ।

**२ . परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ३ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

ख. "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम,धर्मशाला,गुम्बा,मस्जिद,गुरुद्वारा,चर्च,वा वृद्द आश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

ग. "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम साँफेबगर नगरपालिका तथा नगर क्षेत्रमा रहेका अन्य संघ संस्था वा व्यक्तिले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमका सामाग्री सम्झनुपर्छ ।

**३ . अभिलेख राख्नुपर्ने :**

१. यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक तथा असहायहरूलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

क. पसलबाट ग्राहकको घर सम्म समान ओसार पसार गर्ने श्रमिक,

ख. पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसार पसार गर्ने व्यक्ति,

ग. ट्रक, टिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ. अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषी मजदुर,

ङ. आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई,शिशु तथा जेष्ट नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

च. गिट्टी कुट्ने, वालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

छ. निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर, लगायतका मजदुर,

ज. देहायका यातायात मजदुर:

१. अन्य व्यक्तिको माल/ बहाक सवारी तथा डेलिभरी भ्यान चलाउने चालक, सहचालक

२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

३. रिक्सा तथा ठेला गाडा चालक,

४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

झ. अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिंग, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर,

ञ. साँफेबगर नगर क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य मजदुर ।

२. यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोगलीई यो कार्यविधि स्वीकृत भई लागु भएको तिन दिन भित्र तयार गरि सार्वजनिक गर्नु पर्नेछ ।

मा५८०८

**४ . राहत वितरण गर्नुपर्ने:**

दफा ३ बमोजिमको लगतमा समाबेश भएका श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५ . राहत सामांग्री :**

१. खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरूप वितरण गरिनेछ ।

क. चामल ३० किलोग्राम
ख. दाल ३ किलोग्राम
ग. नुन २ पाकेट
घ. खाने तेल २ लिटर
ङ. साबुन ४ वटा
च. चिनी २ किलोग्राम

२. यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक ईकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा १ बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

३. यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय र तिनीहरु संग-संगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

४. यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिनेछैन ।

**६ . राहत सामाग्री वितरण गर्ने विधि :**

१. देहायको विधि अवलम्बन गरि दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ:

क. राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरि वितरण गर्ने ।

ख. सम्बन्धित वडा समितिले हुन सक्ने भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारण वितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्ने :

१. साँफेबगर नगरपालिकाले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्तिकर्ताबाट मूल्य सुची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य एकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

२. दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरूलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड १ बमोजिमको आपूर्तिकर्ता बाट राहत सामाग्री उपलब्ध गराउने ।

**७ . राहत वितरणको अभिलेख र प्रतिवेदन :**

१. सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२. साँफेबगर नगरपालिकाले राहतको प्रतिवेदन अनुसूची -३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्न सक्नेछ ।

**८ . कारबाही सम्बन्धि व्यवस्था :**

१. यस मापदण्ड कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरि राहत लिनु वा कसैले पनि दोहोरो राहत लिनु हुदैन ।

२. यस कार्यविधिको मापदण्ड प्रतिकुल हुनेगरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरि त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निजबाट असुल गर्नुपर्नेछ ।

प्रमाणीकरण मिति : २०७६/१२/२२

आज्ञाले,
लक्ष्मी प्रसाद शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -१

(दफा ३ संग सम्बन्धित )

## राहत सामाग्री पाउनेको अभिलेख

<u>राहत प्राप्त गर्ने व्यक्तिको विवरण :</u>

१.नाम : २. बाबुको नाम :

३. बाजेको नाम: परिवार संख्या –

४.स्थायी ठेगाना: ५.हालको ठेगाना :

६.सम्पर्क नं (भएमा): ७. दैनिक ज्यालादारीमा कार्यरत स्थान:

८. पेश गरेको कागजात विवरण (कम्तिमा कुनै एक कागजात संलग्न हुनुपर्ने ):

क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा

ख. गरिव घर परिवार परिचय पत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमाति पत्रको प्रतिलिपि वा

घ. अन्य परिचय खुल्ने पत्रको प्रतिलिपि

९. राहत लिने व्यक्तिको स्व-घोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यामबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन ।माथि पेश गरेको विवरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक:

दस्तखत:

मिति:

औठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:-

दस्तखत:

नाम: पद : स्थानीय तहको नाम :

मिति: वडा नं :

# अनुसूची -२

## (दफा ७ को उपदफा १ संग सम्बन्धित )

साँफेबगर नगरपालिका

.............नं वडा कार्यालय .........

## राहत वितरणको अभिलेख

| क.सं | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन नं :

## अनुसूची -२

(दफा ७ को उपदफा १ संग सम्बन्धित )

साँफेबगर नगरपालिका, अछाम

**राहत वितरणको प्रतिवेदन**

| क्र.सं | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा सम्पर्क न | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन नं :

# साँफेबगर नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी रणनैतिक कार्ययोजना -

## २०७६

# साँफेबगर नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण र उपचार सम्बन्धी रणनैतिक कार्ययोजना - २०७६

विश्व मानव समुदायलाई आक्रान्ता पारिरहेको विश्व महामारी कोभिड-१९ अर्थात नोवेल कोरोना भाईरसको सम्भावित संक्रमणको जोखिमलाई कम गर्न नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/१२/१६ गतेको निर्णय तथा निर्णय कार्यान्यन कार्य योजना र साँफेबगर नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड-२०७६ को नियम संगत कार्यन्वयनको साथै आगामी दिनमा हुनसक्ने प्रकोपको दुष्प्रभावबाट साँफेबगर नगरपालिकालाई पुर्व तयारि अवस्थामा राख्नको लागि समेत मिति २०७६/१२/२२ गते बसेको साँफेबगर नगर कार्यपालिकाको आ.व २०७६/७७ को तेहौं (आपतकालीन ) बैठकले कोरोना रोकथाम,नियन्त्रण तथा उपचारको लागि रणनैतिक कार्ययोजना बनाई लागु गरेको छ । यो कार्य योजना नेपाल सरकारको लकडाउन अवधिभर लागु गरिने छ ।

## १. कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष सम्बन्धमा :

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय, व्यक्ति | श्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | साँफेबगर नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने | प्र.प्र.अ र लेखा प्रमुख | बार्षिक बजेट , स्थानीय बैंक (का.पा) निर्णयानुसार | तिन दिन भित्र | कोष स्थापना भएको हुने |
| २ | उक्त कोषमा हाललाई आ.व २०७६/७७ को बार्षिक बजेटबाट रकमान्तर गरिरु. ...लाख... विनियोजन गर्ने | नगर कार्यपालिका | बजेट र का.पा को निर्णय | तिन दिन भित्र | आर्थिक कारोबार कोषबाट देखिने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नगर प्रमुखको तोकादेश अनुसार कोषबाट खर्च गरिने | वडा तह तथा कार्यपालिका | कार्यालय प्रशासन | आवश्यकता अनुसार | प्रचलित लेखा प्रणाली |
| ४ | कोषको आय व्ययको लेखा परिक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने | प्र.प्र.अ र लेखा प्रमुख | सरकारी संरचना | आ.व को अन्त्यमा | प्रतिवेदन |
| ५ | कोरोना प्रकोप नियन्त्रण संगै कोषमा बचेको रकम विपद व्यावस्थापन कोष खातामा हस्तान्तरण हुने | प्र.प्र.अ र लेखा प्रमुख | सम्बन्धित बैंक | प्रकोप नियन्त्रण पश्चात | बैंक स्टेटमेन्ट |

## २. राहत सामाग्री उत्पादन तथा वितरण सम्बन्धमा :

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय, व्यक्ति | श्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | लकडाउनको अवधिभरका लागि राहत दिनुपर्ने व्यक्ति तथा परिवारको पहिचान गरि तोकिएको ढाँचामा लगत तयार गर्ने | सम्बन्धित वडा सचीव तथा वडा कार्य समिति | नगरपालिकाको मार्ग दर्शन | तिन दिन भित्र | लगत तयार भएको हुने |
| २ | लकडाउनको अवधिभरको लागि वडा तहमा राहतको लागि तोकिए बमोजिमको कति खाद्यान्न आवश्यक हुन्छ सो को प्रारम्भिक प्रक्षेपण वडा गत रुपमा तयार गर्ने | वडा कार्य समिति | नगरपालिकाको राहत सम्बन्धि मापदण्ड -२०७६ | ४ दिन | प्रक्षेपण प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रत्येक वडामा राहत वितरण सम्पर्क व्यक्ति तोक्ने | वडा कार्य समिति | कार्य समितिको बैठक | २ दिन भित्र | सम्पर्क व्यक्तिको विवरण |
| ४ | नगर स्तरमा राहत वितरण गुनासो सुनुवाई समिति बनाउने | नगर कार्यपालिका | १३ औ बैठक | आजै | निर्णय |
| ५ | लकडाउनको अवधिभरको लागि दैनिक आवश्यकतालाई पुग्ने गरि राहत उपलब्ध गराउने | सम्बन्धित वडा कार्यालय | कोरोना रोकथाम,नियन्त्रण र उपचार कोष | तुरुन्त | राहत प्रदान भएको हुने |
| ६ | गैर सरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघ संस्थाले उपलब्ध गराउने राहत वडाले तोकेको क्षेत्रमा मात्र लगाउने व्यवस्था गर्ने | सहयोगी मनहरु | सम्बन्धित वडा कार्यालय | उपलब्ध भए बमोजिम निरन्तर | समन्वयान्त्मक वातावरण सिर्जना भएको हुने |
| ७ | लकडाउनको अवधिमा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति,असहाय असक्तको लागि खाद्यान्नको थप व्यवस्था गर्ने | नगरपालिका | सम्बन्धित वडा कार्यालय | आवश्यकता अनुसार निरन्तर | लकडाउनको अवधिभर त्यस्ता वर्गलाई थप सुविधा भएको हुने |
| ८ | राहत वितरणको प्रतिवेदन सम्बन्धित मन्त्रालय तथा विभागमा पठाउने | नगर कार्यपालिका प्रशासन | वडा तह | तोकिए बमोजिम | विवरण अध्यावधिक भएको हुने |

**अन्य सम्बन्धमा :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अन्य विषम परिश्थितिको विश्लेषण गर्दै जाने | नगर कार्यपालिका | वडा तह सबै | निरन्तर | नगर क्षेत्रको अवस्था चित्रण भैरहने |
| २ | अन्य आवश्यक उपचार लगायतको लागि व्यवस्था गर्दै जाने | नगर कार्यपालिका | कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष | आवश्यकता अनुसार निरन्तर | जन-गुनासोमा न्यूनीकरण हुने |
| ३ | राहत वितरणको नियमित अनुगमन हुने | राहत वितरण गुनासो सुनुवाई समिति | वडा कार्य समितिहरु | निरन्तर | वितरण प्रभावकारी हुने |